पर्यटकिय नगरी
TOURISTIC MUNICIPALITY
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
कृषि सेवा शाखा
AGRICULTURE SERVICE SECTION
फिक्कल, इलाम कोशी प्रदेश, नेपाल ।
Fikkal, Ilam,Koshi Province, Nepal

प.सं-२०८१/८२
चलानी नं.

मितिः२०८१।१०।२८
ने.स ११४५

प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि सेवा शाखाको आ.व. २०८१/०८२ को सशर्त तर्फको स्वीकृत "रैथाने बाली प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्नुपर्ने भएकोले वडा नं.- ७ र ९ का इच्छुक सम्भावित साझेदारहरूले तपसिल बमोजिमका कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८१/११/१३) भित्र कृषि सेवा शाखामा प्रस्ताव पेस गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू दर्ता गरिने छैन । थप जानकारीको लागि यस शाखाको फोन नं. ०२७-५४०४४८ मा सम्पर्क गर्न सकिने छ ।

तपशिल

क्र.स	कार्यक्रमको नाम	सम्भावित साझेदारीहरू	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरू
१.	रैथाने बाली प्रवर्द्धन कार्यक्रम (कोदो खेती सञ्चालन-५०% अनुदान)	(वडा नं.- ७ र ९ का इच्छुक) कृषक समूह/कृषि सहकारी/कृषि फर्म/टोल विकास संस्थाहरू	• बीउ खरिद । • मेशिनरी तथा उपकरण सहयोग: चुट्ने मसिन, फल्ने मेशिन, कुट्ने तथा पिस्ने मिल, भण्डारण बिन आदी ।	• रु.१० को टिकट टाँस भएको तोकिएको ढाँचामा निवेदन । • दर्ता तथा आ.ब. २०८१/८२ को नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि । • स्थायी लेखा नम्बर र नेपाली नागरिकताको प्रतिलिपि । • सामूहिक निर्णयको प्रतिलिपि । • सम्बन्धित वडा कार्यालयको सिफारिस । • गत आ.ब. को लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । • जग्गाको क्षेत्रफल र स्वामित्व खुल्ने प्रमाणपत्रको प्रतिलिपि, भाडामा लिएको भए सम्झौताको प्रतिलिपि । • आ.व. २०८१/८२ को तिरो तिरेको रसिदको प्रतिलिपि ।

प्रीतम पोखेल
कृषि अधिकृत (कृषि)